Rush-Henrietta Central School District
www.rhnet.org

**विद्यालय पुनः विन्यासका बारेमा**
**प्रत्येक रश-हेनरिटा माता-पिताले जान्नु पर्ने कुरा**

जनवरी 2017

आदरणीय माता-पिता वा अभिभावक:

लगभग दुई वर्ष पहिला, रश-हेनरिटा शिक्षा परिशदको पूर्ण-दिन किन्डरगार्टन तथा भर्ना व्यवस्थापन प्रस्तावको स्वीकृतिका लागि हाम्रो समुदायले अत्याधिक मतदान दिएको थियो।

हामीले अनुमान लगाए झैं, स्कूल डिस्ट्रिक्टको पुनर्गठन एउटा जटिल कार्य बनेको छ। हाम्रा विद्यार्थी, कर्मचारी, तथा समुदायका लागि राम्ररी उक्त परिवर्तन ल्याउन सैकडौं मानिसहरूले धेरै महिना सम्म काम गरेका थिए। विगत दुई वर्ष देखि, हामीले तपाईंलाई हाम्रो प्रगतिका सम्बन्धमा ताजा जानकारी गराइ रहेका छौं। विद्यालय पुनः विन्यास नजिकै आएको हुँदा, हामीले आगामी विद्यालय वर्षका लागि तयार गर्ने क्रममा तपाईंलाई थाहा हुनु पर्ने जानकारी तपाईंलाई उपलब्ध गराउन हामी तपाईंलाई यो पत्र पठाइ रहेका छौं। के के हुँदैछ भनेर पूर्णतया बुझ्नका लागि कृपया यो पत्र पूरा पढ्नुहोस्।

**विद्यालय पुनः विन्यास गर्नु पर्ने कारण**
हाम्रो विद्यालयहरूलाई पुनः विन्यास गर्नाले, रश-हेनरिटामा सेप्टेम्बर 2017 देखि कक्षामा पूर्ण-दिन किन्डरगार्टन चलाउन सकिने गरि स्थान उपलब्ध हुनेछ। यो एउटा महत्वपूर्ण कोशेढुङ्गा हो किनभने हामी न्यू यर्कका पूर्ण-दिन किन्डरगार्टन उपलब्ध नगर्ने 20 वटा भन्दा कम स्कूल डिस्ट्रिक्टहरू मध्ये एक हौं। हामी आगामी वर्ष हाम्रा साना विद्यार्थीहरूका लागि पूर्ण दिन शिक्षा प्रदान गर्न प्रतीक्षा गर्दछौं!

यस अतिरिक्त, हाम्रो विद्यालयहरू पुनः विन्यास गर्दा अन्य धेरै प्रकारले हाम्रो स्कूल डिस्ट्रिक्टमा सुधार गर्न सक्ने हुन्छौं। उदाहरणको लागि, हामी भविष्यमा विद्यार्थी भर्नालाई अझ राम्ररी व्यवस्थापन गर्न, हाम्रो सफल थोरै-सङ्ख्याको कक्षाको-पहललाई कायम राख्न, विद्यालयहरूको सङ्ख्यामा सन्तुलन बनाउन, ग्रेड K-6 का विद्यार्थीहरूका लागि र्याप-राउन्ड स्याहार सेवाहरू प्रदान गर्न, ग्रेड 4-6 का विद्यार्थीहरूका लागि एक घण्टी एनरिचमेन्ट कक्षा शुरु गर्न, चौथो ग्रेडका विद्यार्थीहरूलाई कोरश र ब्यान्डमा भाग लिने अवसर प्रदान गर्न, परामर्श सेवाहरू साना विद्यार्थीहरूमा विस्तार गर्न, ग्रेड 8 तथा 9 का विद्यार्थीहरूका लागि अझ धेरै ऐच्छिक विषयहरूमा रोजाइ उपलब्ध गराउन, र अन्य धेरै कुराहरू गर्न सक्ने हुन्छौं।

**पूर्वाधार पुनरुद्धार कार्यहरू द्रुत चरणमा**
विद्यालय पुनः विन्यास सम्भव बनाउन, शेर्मन, भोल्मर, र बर्जरको भवन पुनरुद्धार कार्यहरू समय अनुसार अगाडि बढ्दैछ। उक्त विद्यालयहरूलाई प्रयोग र विस्तार गर्न भवन पुनरुद्धार कार्य जुलाई 2017 मा पूर्ण हुनेछ। पुनः याद दिलाउन, सेप्टेम्बर 2017 मा हाम्रो विद्यालय संरचना निम्न अनुसार हुनेछ:

- प्राइमरि स्कूल (K-3): क्रेन, फायल, लिरी, विन्सलो
- इन्टरमिडिएट स्कूल (4-6): शेर्मन तथा भोल्मर
- जुनियर हाइ स्कूल (7-9): बर्जर तथा रोथ
- सिनियर हाइ स्कूल (10-12): सिनियर हाइ स्कूल

यी नयाँ ग्रेड-लेवल विद्यालयहरू निर्माण गर्ने उद्देश्य भने विद्यार्थीहरूलाई – बौद्धिक, सामाजिक, तथा भावनात्मक – शिक्षा प्राप्त गर्न र अगाडि बढ्ने एउटा असल वातावरण तयार गर्नु हो।

**र्‍याप-अराउन्ड केयर दर्ता चाँडै शुरु हुने**

जिल्लाको विद्यालय पूर्व र पश्चात स्याहार कार्यक्रम (कब केयर जोन) बारे दर्ता सामाग्री तथा प्राय सोधिएको प्रश्नहरूको जवाफहरू जिल्लाको वेबसाइट www.rhnet.org/cubcare मा राखिएको छ। कार्यक्रमबारे जानकारी साथै एकाउन्ट तयार गर्ने सम्बन्धमा जानकारी सत्रहरू बेलुका 6:30 बजे मङ्गलवार, जनवरी 3, 2017, तथा बिहीवार, जनवरी 5, 2017, सिनियर हाइ स्कूल, 1799 लेहाइ स्टेशन रोडमा सम्पन्न हुनेछ। यदि तपाईं यी मध्ये कुनैपनि जानकारी सत्रमा उपस्थित हुन चाहनुहुन्छ भने, कृपया निरन्तर शिक्षा कार्यालयको 359-7805 मा कल गरेर दर्ता गर्नुहोस्। यसो गर्दा, हामीसँग पर्याप्त सहायक तथा ल्यापटपहरू हुन सक्नेछ। कार्यक्रम दर्ता वुधवार, फरवरी 1, 2017, देखि शुक्रवार, मार्च 31, 2017 सम्म अनलाईन उपलब्ध हुनेछ। यो कार्यक्रमका बारेमा सम्पूर्ण विवरण जिल्ला वेबसाइट www.rhnet.org/cubcare मा पाउन सकिन्छ। प्राय सोधिएको प्रश्नहरूको जवाफहरू पनि उक्त पृष्ठमा राखिएको छ।

**नयाँ विद्यालयहरूमा PTO सङ्क्रमण निर्धारित**

अक्टोवर 2016 मा, माता-पिता समूहहरूले वर्ष-अन्तको रकम ब्यालेन्सहरू चल्ती देखि नयाँ माता-पिता शिक्षक संस्थानहरूमा वितरण गर्न आनुपातिक विद्यार्थी सङ्क्रमणका आधारमा एउटा साझा योजना अवलम्बन गरेको छ। जनवरी 17, 2017 मा, प्रत्येक माता-पिता समूहको प्रतिनिधिहरूले अधीक्षकसँग भेटेर आगामी माता-पिता समूह पुनर्गठनको योजना बनाउने छन्।

**कार्यक्रम सल्लाहकार समूहहरूले सुझावहरू दिने**

शिक्षक, विद्यालय प्रशासक, तथा कर्मचारी सङ्गठन प्रतिनिधिहरू समावेश भएको – प्राइमरि, इन्टरमिडिएट, जुनियर हाइ स्कूल, तथा सिनियर हाइ स्कूल कार्यक्रम सल्लाहकार समूहले सेप्टेम्बर 2015 मा बैठक गर्न शुरु गरेर शिक्षा परिशदको विद्यालय पुनः विन्यासको प्रारम्भिक योजनाहरूको समीक्षा गर्न थालेर सुझावहरू गर्न थालेको छ। कार्यक्रम सल्लाहकार समूहको सुझावहरूको सहायताले विद्यालय पुनः विन्यासको प्रशासनिक मार्ग-निर्देशिकाको मस्यौदा तयार गरिएको हो। उक्त प्रशासनिक मार्ग-निर्देशिकाहरूको शिक्षा परिशदले मार्च सम्म समीक्षा गर्नेछ।

**पाठ्यक्रम विकास कार्य जारी रहने**

ग्रेड K-6 मा, पूर्ण-दिन किन्डरगार्टनको पाठ्यक्रम तयार भइ रहेछ; एउटा अङ्ग्रेजी भाषा कला कार्यक्रम, रेडिजेन, ग्रेड 4-6 का लागि लागु गरिँदैछ; तथा, ELA तथा विषयगत सीपहरूलाई एकैसाथ मूल्याङ्कन गर्न प्रमुख विषयको पठनपाठनलाई प्रभावकारी ढङ्गमा एक साथ मिलाउन र कार्यसम्पादनमा-आधारित कार्यहरूको पहिचान गर्न एकीकृत पाठ्यक्रम योजनाहरू तयार हुँदैछ। ग्रेड 7-9 मा, दैनिक प्रमुख विषयको पठनपाठनका लागि मार्ग-निर्देशिका उपलब्ध गर्न पाठ्यक्रम योजनाहरू संशोधन भइ रहेछ। जुनियर हाइ स्कूल कार्यक्रमका लागि नयाँ ऐच्छिक कोर्सहरू यो वसन्तमा तयार हुनेछ।

**सेप्टेम्बर 2017 विद्यालयहरूमा कर्मचारीहरू खटाइएको**

प्रारम्भिक विद्यालयहरूमा सेप्टेम्बर 2017 का लागि कर्मचारीहरू जुन 2016 मा खटाइ सकिएको छ। 85 प्रतिशत भन्दा बढी कर्मचारीहरूले आफ्नो रुचि अनुसार ठाउँ पाएका छन्। विद्यालय पुनः विन्यासको तयारीको लागि सम्मेलन दिनहरू अप्रिल 2017 तथा जुन 2017 मा निर्धारण गरिएको छ। नयाँ विद्यालयहरूको लागि सङ्क्रमण प्रक्रिया, कर्मचारीको प्रोटोकल तथा म्यादहरू, सामाग्री, तथा उपकरण मार्च 2017 सम्ममा स्थापित गरिने छ। उक्त सङ्क्रमणहरूको सहजिकरणका लागि प्रत्येक विद्यालयमा कर्मचारी सङ्क्रमण समूहहरू स्थापित हुनेछ।

**विद्यालय शुरु हुने तथा समाप्त हुने समयहरूको शिक्षा परिशदद्वारा स्वीकृति**

याद दिलाउनु पर्दा, गत गर्मी याम – तथा पुनः हाम्रो हेमन्त 2016 को पुनः विन्यास अद्यावधिकमा – हामीले समुदायमा हाम्रो विद्यालय शुरु हुने तथा समाप्त हुने नयाँ समयहरूबारे जानकारी गरायौं। विद्यालयहरू शुरु हुने तथा समाप्त हुने समयहरू शिक्षा परिशदद्वारा जुन 2016 मा लागु गरिएको थियो। यिनीहरू यस प्रकार छन्:

- प्राइमरि स्कूल (K-3) बिहान 7:45 बजे शुरु हुने र दिनको 2 बजे समाप्त हुने।
- इन्टरमिडिएट स्कूल (4-6) बिहान 9:20 बजे शुरु हुने र दिनको 3:35 बजे समाप्त हुने।
- जुनियर हाइ स्कूल (7-9) बिहान 7:15 बजे शुरु हुने र दिनको 2:30 बजे समाप्त हुने।
- सिनियर हाइ स्कूल बिहान 7:35 बजे शुरु हुने र दिनको 2:50 बजे समाप्त हुने।

यस अतिरिक्त, प्रत्येक इन्टरमिडिएट स्कूल, जुनियर हाइ स्कूल तथा सिनियर हाइ स्कूलमा एक घण्टी विद्यालय पश्चात क्रियाकलाप हुनेछ, र प्रत्येक इन्टरमिडिएट स्कूलमा एक घण्टी सङ्गीत वादनका लागि विद्यालय पूर्वको क्रियाकलाप हुनेछ। विद्यार्थी यातायात आवश्यकताहरूको कारणले प्राइमरि तथा इन्टरमिडिएट स्कूल शुरु हुने तथा समाप्त हुने समयहरू मूल योजनाबाट अदल बदल गर्नु परेको थियो।

**4-6 विद्यालयहरूबारे प्राय सोधिएको प्रश्नहरूको जवाफ दिइएको**

हामीले गत केही महिना भित्रमा प्राप्त गरेको मध्ये अत्याधिक प्रश्नहरू ग्रेड 4-6 का विद्यार्थीहरूका लागि हाम्रो नयाँ इन्टरमिडिएट स्कूल संरचनाबारे रहेको थियो। उक्त प्रश्नहरू यस प्रकार थिए:

1. सेप्टेम्बर 2017 मा ग्रेड 4-6 का विद्यार्थीहरूका लागि विद्यालय पश्चात क्रियाकलाप कस्तो हुनेछ?
2. सेप्टेम्बर 2017 मा ग्रेड 4-6 का विद्यार्थीहरूका लागि सङ्गीत वादन कस्तो हुनेछ?
3. सेप्टेम्बर 2017 मा छैटौं ग्रेडका विद्यार्थीहरूका लागि विद्यालय अनुभव कस्तो हुनेछ?

उक्त प्रश्नहरूको जवाफ जिल्ला वेबसाइटको www.rhnet.org/reconfiguration अन्तर्गत विद्यालय पुनः विन्यास खण्डमा पाउन सकिने छ।

**विद्यार्थी यातायात सूचनाबारे नियमहरू परिवर्तित**
पछिल्लो महिना, रश-हेनरिटा शिक्षा परिशदले बस समय तालिका परिवर्तनको अनुरोधहरूका लागि अग्रिम सूचना दिनुपर्ने आवश्यकता लागु गरेको छ। जनवरी 3, 2017 देखि शुरु भएर, बस समय तालिका परिवर्तनको लागि अनुरोधहरू परिवर्तन गर्ने हप्ता भन्दा पहिलाको बुधवार भित्रमा विद्यालयको मुख्य कार्यालयमा प्राप्त गरिसक्नु पर्नेछ। यो अग्रिम सूचना दिनुपर्ने आवश्यकताले गर्दा बस चालकहरूले हप्ताको शुरुमा नै पिक-अप तथा ड्रप-अफ परिवर्तनहरूबारे सूचना पाउन सक्ने हुन्छन्। अनपेक्षित आपातकालीन अवस्थामा बाहेक कुनैपनि बेला बस समय तालिका परिवर्तन सोही हप्तामा गर्न पाइने छैन। हाम्रो प्रत्येक विद्यार्थीको घरमा मध्य-डिसम्बरमा पठाइएको, यो घोषणाको पूर्ण विवरण, www.rhnet.org/buschanges मा उपलब्ध छ।

**रश-हेनरिटालाई 25 जना नयाँ बस चालकहरू आवश्यक**
विद्यालय पुनः विन्यास तथा अवकाश योजनाको कारणले हाम्रो जिल्लामा 25 जना नयाँ बस चालकहरू आवश्यक हुन गएको छ। राम्रो तलव, उत्कृष्ट सुविधाहरू, तथा वैतनिक तालीमका साथमा, हामी तपाईंलाई पनि रश-हेनरिटा सेन्ट्रल स्कूल डिस्ट्रिक्टका लागि बस चलाउने काम तपाईंको लागि उचित हुने हो कि भनेर विचार गर्न प्रोत्साहन गर्छौं। थप जानकारीका लागि www.rhnet.org/drive मा जानुहोस्!

यो पत्रले विद्यालय पुनः विन्यासका सम्बन्धमा तपाईंसँग भएको कुनैपनि प्रश्नको जवाफ दिएको छ भन्ने हामी आशा गर्छौं। यदि हामीले जवाफ दिन नसकेको र तपाईंलाई थप जानकारी चाहिएको कुनैपनि कुरा भए, कृपया जिल्ला वेबसाइट www.rhnet.org मा गएर हामीलाई सम्पर्क गर्नुहोस् बटनमा क्लिक गर्नुहोस्।

हामीले पूर्ण-दिन किन्डरगार्टन तथा विद्यालय पुनः विन्यासको योजना बनाउन जारी राख्ने क्रममा तपाईंको धैर्यका लागि धन्यवाद छ। हाम्रो विद्यार्थीहरूलाई प्रतीक्षा गरिरहेको अवसरहरूबारे हामी उत्साहप्रद छौं।!

भवदीय,

जे. केनेथ ग्राहम जुनियर, Ph.D.
स्कूल अधीक्षक